**सामाजिक सुरक्षाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन**

१. सामाजिक सुरक्षाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यस पछि "विधेयक" भनिएको) को दफा २ को,-

(१) खण्ड (ङ) मा रहेको "अल्जमाइर" भन्ने शब्दको सट्टा "अल्जाइमर" भन्ने शब्द राख्ने र "पक्षघात," भन्ने शब्द पछि "सिकल सेल एनिमिया," भन्ने शब्दहरु थप्ने ।

(२) खण्ड (ज) र (झ) मा रहेका "सामाजिक सुरक्षा" भन्ने शब्दहरु पछि "भत्ता" भन्ने शब्द थप्ने ।

(३) खण्ड (ट) झिक्ने ।

२. विधेयकको दफा ४ को सट्टा देहायको दफा ४ राख्ने :-

"४. <u>जेष्ठ नागरिक भत्ता</u> : (१) दलित र एकल महिला जेष्ठ नागरिकले साठी वर्ष उमेर पुरा गरे पछि र अन्य जेष्ठ नागरिकले सत्तरी वर्ष उमेर पुरा गरे पछि सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोके बमोजिमको जेष्ठ नागरिक भत्ता पाउने छन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले कुनै निश्चित क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बसोबास गर्ने उपदफा (१) बमोजिमको उमेर नपुगेका जेष्ठ नागरिकलाई समेत त्यस्तो भत्ता उपलब्ध गराउन सक्नेछ ।"

३. विधेयकको दफा ७ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (ख) मा रहेका "र एकल महिला" भन्ने शब्दहरु झिक्ने ।

(ख) खण्ड (ग) पछि देहायको खण्ड (घ) थप्ने :-

"(घ) विवाह नगरेका ।"

(२) उपदफा (२) मा रहेका "विधवा वा" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका असहाय" भन्ने शब्दहरु राख्ने ।

४. विधेयकको दफा १० को उपदफा (१) मा रहेका "यस ऐनको अनुसूचिमा उल्लिखित" भन्ने शब्दहरु झिक्ने ।

५. विधेयकको दफा १२ को,-

(१) उपदफा (१) मा रहेका "सामाजिक सुरक्षा पाउने नेपाली नागरिकले" भन्ने शब्दहरुको सट्टा "सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिले" भन्ने शब्दहरु राख्ने र सोही उपदफामा रहेका "यसरी निवेदन लिँदा निजले यस ऐन बमोजिमको सामाजिक सुरक्षा भत्ता लिने वा नलिने स्वेच्छिक घोषणा गर्न लगाउनु पर्नेछ।" भन्ने शब्दहरु झिक्ने।

(२) उपदफा (२) मा रहेका "सामाजिक सुरक्षाको" भन्ने शब्दहरुको सट्टा "सामाजिक सुरक्षा" भन्ने शब्दहरु राख्ने।

(३) उपदफा (४) मा रहेको "सोको" भन्ने शब्द पछि "लिखित" भन्ने शब्द थप्ने।

(४) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्ने :-

"(६) यस दफा बमोजिम सामाजिक सुरक्षा भत्ता लिन नचाहने व्यक्तिले सामाजिक सुरक्षा भत्ता नलिने स्वेच्छिक घोषणा गरी सम्बन्धित स्थानीय तहमा जानकारी गराउनु पर्नेछ।"

(५) उपदफा (६) पछि देहायको उपदफा (७) थप्ने :-

"(७) उपदफा (६) बमोजिम कुनै नागरिकले सामाजिक सुरक्षा भत्ता लिन नचाहेमा सम्बन्धित स्थानीय तहले सोको अभिलेख राखी त्यस्तो व्यक्तिलाई सम्मान गर्नु पर्नेछ।"

६. विधेयकको दफा १३ झिकी दफाक्रम मिलाउने।

७. विधेयकको दफा १४ दफाक्रम मिलाउँदा कायम हुने दफा १३ को,-

(१) उपदफा (१) को ठाउँ ठाउँमा रहेका "सामाजिक सुरक्षा" भन्ने शब्दहरु पछि "भत्ता" भन्ने शब्द थप्ने।

(२) उपदफा (२) मा रहेको "यस्तै" भन्ने शब्दको सट्टा "एकै प्रकारको" भन्ने शब्दहरु राख्ने।

८. विधेयकको दफा १४ दफाक्रम मिलाउँदा कायम हुने दफा १३ पछि देहायको दफा १४ थपी दफाक्रम मिलाउने :-

"१४. प्रचलित कानून बमोजिमको सुविधा पाउने : (१) दफा १३ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिले प्रचलित कानून बमोजिम पाउने अन्य प्रकारको सामाजिक सुरक्षा पाउन यस ऐनले बाधा पार्ने छैन।

(२) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिको क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितले

प्रचलित कानून बमोजिम सामाजिक सुरक्षा पाएको अवस्थामा बाहेक तोकिए बमोजिमको सामाजिक सुरक्षा वा सम्मान पाउने छन् ।

(३) नेपाल सरकारले यो ऐन बमोजिम प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता र प्रचलित कानून बमोजिम प्रदान गरिने अन्य सामाजिक सुरक्षा उपलब्ध गराउने सम्बन्धमा एकीकृत प्रणाली अवलम्बन गर्न सक्नेछ ।"

९. विधेयकको दफा १५ को खण्ड (ग) मा रहेका "पारिरश्रमिक वा" भन्ने शब्दहरुको सट्टा "पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा एवं अन्य" भन्ने शब्दहरु राख्ने ।

१०. विधेयकको दफा १६ को,-

(१) उपदफा (१) मा रहेको "नागरिकलाई" भन्ने शब्दको सट्टा "व्यक्तिलाई" भन्ने शब्द राख्ने ।

(२) उपदफा (१) पछि देहायको उपदफा (२) थपी उपदफाक्रम मिलाउने :-

"(२) उपदफा (१) बमोजिम दिइने परिचयपत्रमा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको संरक्षक, माथवर वा स्याहार गर्ने व्यक्तिको परिचय समेत खुलाउनु पर्नेछ ।"

(३) उपदफा (२) मा रहेका "दुई वर्षमा" भन्ने शब्दहरुको सट्टा "वर्ष" भन्ने शब्द राख्ने ।

११. विधेयकको दफा १७ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्ने :-

"(३) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा तोकेको मिति देखि सामाजिक सुरक्षा भत्ताको भुक्तानी बैङ्किङ प्रणालीबाट मात्र गरिनेछ ।"

१२. विधेयकको दफा १८ को उपदफा (२) मा रहेका "तोकिएको निकायमा" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारको सम्बन्धित निकायमा" भन्ने शब्दहरु राख्ने ।

१३. विधेयकको दफा १९ को दफा शीर्षक, उपदफा (१), उपदफा (१) को खण्ड (क) र उपदफा (२) मा रहेका "सामाजिक सुरक्षा" भन्ने शब्दहरु पछि "भत्ता" भन्ने शब्द थप्ने ।

१४. विधेयकको दफा २१ को ठाउँ ठाउँमा रहेका "सामाजिक सुरक्षा" भन्ने शब्द पछि "भत्ता" भन्ने शब्द थप्ने ।

१५. विधेयकको दफा २४ मा रहेका "दफा २१" भन्ने शब्दहरुको सट्टा "दफा २३" भन्ने शब्दहरु राख्ने ।

१६. विधेयकको दफा २६ मा रहेका "व्यवस्थापन, भत्ता वितरण र" भन्ने शब्दहरुको सट्टा "व्यवस्थापन तथा भत्ता वितरणको" भन्ने शब्दहरु राख्ने ।

१७. विधेयकको दफा २६ पछि देहायको दफा २७ थपी दफाक्रम मिलाउने :-

“२७. हेरचाह केन्द्र स्थापना गर्न सक्ने : नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले अनाथ बालबालिका, अशक्त तथा असहाय व्यक्ति, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकको हेरचाहको लागि तोकिए बमोजिम हेरचाह केन्द्र स्थापना गरी सञ्चालन गर्न सक्नेछ ।”

१८. विधेयकको दफा २७ दफा क्रम मिलाउँदा कायम हुने दफा २८ मा रहेका “सम्बन्धित प्रदेश र संघीय सरकारलाई” भन्ने शब्दहरुको सट्टा “नेपाल सरकार तथा सम्बन्धित प्रदेश सरकारलाई” भन्ने शब्दहरु राख्ने ।

१९. विधेयकको दफा २९ दफाक्रम मिलाउँदा कायम हुने दफा ३० मा रहेका “सामाजिक सुरक्षा” भन्ने शब्दहरु पछि “भत्ता” भन्ने शब्द थप्ने ।

२०. विधेयकको दफा ३० दफाक्रम मिलाउँदा कायम हुने दफा ३१ को सट्टा देहायको दफा ३१ राख्ने :-

“३१. अनुसूची हेरफेर गर्न सक्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।”